# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०९ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेंद्र मोदीले कृत्रिम बुद्धिमता, महिलाहरुका लागि धैरै उपयोगी हुनको साथै यसले अनेक अवसर पनि प्रदान गरिरहेको बताउनुभएको छ।
- संसदको बजट सत्रको दोस्रो चरण भोली देखि शुरू हुनेछ।
- केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले सबैका लागि स्वास्थ्य सुनिश्चित गर्ने र देशका सार्वजनिक स्वास्थ्य संस्थानहरूलाई सुदृढ पार्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।
- पश्चिम बंगाल विधानसभाको बजट सत्रको दोस्रो चरण भोली १० मार्च देखि शुरू भैरहेको छ ।
- जिटिए सभाका पुर्व सभासद तथा इण्डियन गोर्खा जनशक्ति फ्रण्डका नेता प्रकाश गुरुङको पक्राउमाथि- गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङले यो पक्राउ राजनीति प्रेरित रहेको बताउनु भएको छ ।

## प्रधानमंत्री-महिला अनि बाल विकास मंत्री

प्रधानमंत्री नरेंद्र मोदीले सोशल मीडियामा महिलाहरुलाई सशक्त बनाउनमा कृत्रिम बुद्धिमताको भूमिका माथि महिला अनि बाल विकास राज्य मंत्री सावित्री ठाकुर द्वारा लिखित एक लेख साझा गर्नुभएको छ। श्री मोदीले भन्नुभयो कि कृत्रिम बुद्धिमता, महिलाहरुका लागि धैरै उपयोगी हुनको साथै अनेकौं अवसर पनि प्रदान गरिरहेको छ। आफ्नो लेखमा सुश्री ठाकुरले भन्नुभएको छ, कृत्रिम बुद्धिमता, अनेकौं संभावनाहरुको साथमा महिलाहरुलाई समाजमा निर्णायक भूमिका निभाउनमा पनि सक्षम बनाईरहेको छ।

## संसद-बजट सत्र

संसदको बजट सत्रको दोस्रो चरण भोली देखि शुरू हुनेछ। सत्रको यो चरण ४ अप्रैल सम्म चल्नेछ यसमा २० बैठकहरु हुनेछन। वित्त मन्त्री निर्मला सीतारामनले भोली मणिपुरका लागि बजट पेश गर्नुहुनेछ। पछिल्लो महिना मुख्यमन्त्री एन बीरेन सिंहले राजीनामा दिएपछि राज्यमा राष्ट्रपति शासन लागू छ।हाम्रा संवाददाताले बताए अनुसार सत्रको अवधि वर्ष २०२५-२६ का लागि अनुदान मागहरु लगायत सम्बन्धित विनियोग विधेयक बारे चर्चा तथा मतदान गराईनेछ।

## स्वास्थ्य- संस्थान

केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले सबैका लागि स्वास्थ्य सुनिश्चित गर्ने र देशका सार्वजनिक स्वास्थ्य संस्थानहरूलाई सुदृढ पार्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ। श्री नड्डाले आज नयाँ दिल्लीमा राष्ट्रिय स्वास्थ्य तथा परिवार कल्याण संस्थानको ४८ औं वार्षिक समारोहलाई भर्चुअल माध्यमबाट सम्बोधित गर्नु भयो। उहाँले भन्नुभयो यो संस्थान देशका सार्वजनिक पेशेवरहरूका लागि प्रशिक्षण, अनुसन्धान र क्षमता निर्माण गतिविधिहरू सञ्चालन गर्ने अग्रणी संस्थान हो। केन्द्रीय स्वास्थ्य राज्यमन्त्री अनुप्रिया पटेलले भन्नुभयो, भारत सार्वजनिक स्वास्थ्यको नयाँ युगमा प्रवेश गरिसकेको छ। उहाँले एसरकारले सार्वभौमिक स्वास्थ्य सेवा विस्तारमा ध्यान केन्द्रित गरिरहेको बताउनुभयो। सरकारले देशका मानिसहरुका लागि स्वास्थ्य सेवालाई पहुँचयोग्य र किफायती बनाउँदैछ। उहाँले चिकित्सा विद्यार्थीहरूको क्षमता बढ़ाउने आवश्यकता र डिजिटल शिक्षाको महत्त्वमा जोड दिनु भयो।

## पश्चिम बंगाल - बजट सत्र

पश्चिम बंगाल विधानसभाको बजट सत्रको दोस्रो चरण भोली १० मार्च देखि शुरू भैरहेको छ। यह सत्रमा केहि मुद्दाहरुलाई लिएर धैरै हंगामा हुने संभावना छ। बिशेष गरेर जादवपुर विश्वविद्यालय विवादलाई लिएर बिपक्षी दलले सरकारलाई घेर्ने तैयारी गरिरहेको छ। गत एक मार्चमा कोलकाता स्थित जादवपुर विश्वविद्यालयमा भएको हिंसाको अवधि दुई छात्र गंभीर रूपले घाइते

भएका थिए। यस घटनालाई लिएर भारतीय जनता पार्टी (बीजेपी) का विधायकहरुले मंत्रीबाट विधानसभामा जवाब मांगने योजना बनाईरहेका छन् राज्य विधानसभामा विपक्षका नेता शुभेंदु अधिकारी अनि अन्य तीनजना बीजेपी विधायक सदनको कार्यवाहीमा सामेल हुन पाउने छैनन् । उनीहरुलाई गत महिना बजट सत्रको पहिलो चरणको अवधि एक महीनाको लागि निलंबित गरिएको थियो। बजट सत्रको दोस्रो चरणमा राज्य सरकारको केहि विभागहरु को बजटीय आवंटन माथि चर्चा हुनेछ जसमा शिक्षा, स्वास्थ्य, बिजली, श्रम, पंचायती कार्य, ग्रामीण विकास, नगर निकाय अनि शहरी विकास विभाग सामेल छन्। तर गृह विभाग जस्तो प्रमुख विभागको बजट माथि चर्चा हुनेछैन जसलाई लिएर विपक्षले राज्य सरकार माथि प्रश्न उठाएको छ।

**अभिनन्दन ग्रन्थ**

वरिष्ठ साहित्यकारए कवि एंव गीतकार मदन ओझाको अभिनन्दन ग्रन्थ सिर्जनाको पखेरोमा मदन ओझा पुस्तकको हिज सिलगढीको देवकोटा संघमा एक साहित्यिक कार्यक्रमबीच लोकार्पण गरिएको छ। लोकार्पण कार्यक्रमको अध्यक्षता वरिष्ठ साहित्यकार लोक थापाले गरेका थिए भने प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार डा. जीवन नामदुङ उपस्थित रहेका थिए। यसै कार्यक्रममा वरिष्ठ साहित्यकार मदन ओझाद्वारा लिखित विविध रचनाहरुको संगालो बिर्सन नसकिने पलहरु नामक पुस्तकको पनि लोकार्पण गरिएको छ। यस कार्यक्रममा वरिष्ठ साहित्यकार केबी नेपाली, डा सुकराज दियाली र प्रदीप रसाईलीलाई राङभाङ् साहित्य सम्मान पनि प्रदान गरिएको थियो।

**उत्कृष्ट पेपर अवार्ड**

दार्जीलिङ पहाडका दुई विद्यार्थी उपमन्य राकेश ढकाल र प्रसिद्ध गुरुङलाई दार्जिलिङ अनि कालेबुङ जिल्लाको पर्यटन उद्योगमा फोहोर व्यवस्थापनमा संलग्न विभिन्न कारकहरूमाथिको शोधपत्र भारतभरिमा नै उत्कृष्ट रहेको घोषणा गर्दै दुवै जनालाई उत्कृष्ट पेपर अवार्ड प्रदान गरिएको छ। मिदनापुरको विद्यासागर विश्वविद्यालयको २८औँ वार्षिक सम्मेलनमा यो पुरस्कार प्रदान गरिएको हो। यस पेपरले दार्जिलिङ र कालेबुङ जिल्लाको पर्यटन उद्योगमा अपनाएको फोहोर व्यवस्थापन अभ्यासहरू बारे अध्ययन गर्दछ। यसले वातावरण, स्थानीय समुदाय र समग्र पर्यटन अनुभवमा पर्यटन उद्योगको प्रभावमाथि प्रकाश पर्दै फोहोर व्यवस्थापनका प्रमुख बाधाहरू चिन्हित गर्दछ। शोध पत्रमा व्यवस्थापन अभ्यासए उत्पादन हुने फोहोरका प्रकार, फोहोर व्यवस्थापन प्रक्रिया र सरकारी नीतिको कार्यान्वयनको प्रभाव मूल्याङ्कन गरिएको थियो। यस अनुसन्धानले भौगोलिक, सांस्कृतिक र सामाजिक-आर्थिक कारकहरूका कारण पर्यटन क्षेत्रमा फोहोर व्यवस्थापनका चुनौतीहरूलाई विशेष रूपमा चिन्हित गरेको छ। यसबाहेक अध्ययनले वातावरणीय दिगो पर्यटन विकासका लागि चेतना अभिवृद्धि, प्रभावकारी नीति कार्यान्वयन र सर्कुलर इकोनोमी अवधारणाको प्रवर्द्धनको आवश्यकता माथि पनि प्रकाश पार्दछ ।

**प्रकाश गुरुङ-पक्राउ**

जिटिए सभाका पुर्व सभासद तथा इण्डियन गोर्खा जनशक्ति फ्रण्डका नेता प्रकाश गुरुङको पक्राउमाथि- गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङले यो पक्राउ राजनीति प्रेरित रहेको बताउनु भएको छ। मिरिकमा सम्पन्न सांगठनिक सभापछि मिडियासितको कुराकानी गर्दै गुरुङले यस्तो प्रतिक्रिया दिएका हुन् । स्मरण रहोस् बिमल गुरुङको नेतृत्वमा २०१७ को गोर्खाल्यान्ड आन्दोलनको समय एस आइ अमिताभा मलिकको हत्याको आरोपमा प्रकाश गुरुङमाथि मुद्दा दर्ता गरिएको थियो। गुरुङको पक्राउ यस्तो समयमा भएको छ जब हालै मात्र इन्डियन गोर्खा जनशक्ति फ्रन्डका शिर्ष नेता अजय एडवर्डसले प्रशासनमाथि प्रश्न उठाएका थिए।

**छैटौ अनुसूची- जनचेतनामुलक सभा**

छैटौ अनुसूचीलाई केन्द्र गरेर आज लेबोङमा एउटा जनचेतनामुलक सभा गरियो। क्षेत्रवासीहरुको तत्परतामा भएको यस सभामा पिपल्स फोरमका प्रमुख संयोजक भानु लामाको साथमा अन्य कार्यकर्ताहरु उपस्थित रहेका थिए। लेबोङ भेल्ली क्षेत्रका विभिन्न ठाउँका प्रतिनिधिहरुलाई लिएर सम्पन्न यस बैठक अवधि छैटौं अनुसूचीलाई रामवाण औषधि ठहर गर्दै यसलाई समर्थन गर्न पहाडवासी समक्ष आह्वान गरिएको प्रमुख संयोजक भानु लामाले बताउनु भएको छ।

**दार्जीलिङमा गोर्खा जागरण मञ्च**

सामाजिक अनियमितताका मुद्दाहरुलाई सम्बोधन गर्न दार्जीलिङमा नयाँ अराजनैतिक सङ्गठनको गठन गरिएको छ। गोर्खा जागरण मञ्च शीर्षक यस सङ्गठनले विस्तारै सङ्गठित रुपमा अघि बडेर विविध समस्या लगायत सबैका लागि स्थायी व्यवस्थाको लागि जोर दिने बताईएको छ। स्थानीय जीडीएनएस भवनमा सम्पन्न बैठक एवं मञ्च गठनपछि मिडियासित कुराकानी गर्दै बोल्दै अन्यायको विरोधमा गोर्खा जागरण मञ्च सदैव अघि रहने मञ्चका कार्यकर्ताहरुले जानकारी गराएका छन्।

**ओकाइटी चियाबारीमा – सम्झौता**

दार्जीलिङ पहाडको बिभिन्न चियाबारीहरुमा बर्षको पहिलो पत्ती टिपाईबारे चलिरहेको अन्यौलताबीच, ओकाइटी चियाबारी श्रमिक संगठन अनि चियाबारी प्रबन्धक पक्षमाझ सात बुँदे सम्झौतामा हस्ताक्षर भएको छ। हिज भएको सभामा यो सहमति भएको हो भने सम्झौताको खेस्राबारे जानकारी गराउँदै संगठनका संयोजक अर्पण राईले आज सम्झौतामा उल्लेखित सात बुँदे सम्झौतामा बिशेषगरी २० प्रतिशत बोनस एक किस्तीमा दिइनु पर्ने, चियाबारीमा स्वास्थ्य सेवालाई प्राथमिकता दिइनु पर्ने, आजको महंगाईलाई ध्यानमा राख्दै आधारभुत सुविधाहरु प्रदान गरिनु पर्ने, स्टाफ नियुक्तिमा महिलाहरुलाई समान अवसर प्रदान गरिनु पर्ने, बार्षिक रुपमा श्रमिकहरुले ८ देखि १० वटा सम्म आवासको प्रबन्ध गरिनु पर्ने, न्युनतम हाजिरा कार्यान्वयन गरिनु पर्ने जस्ता माग प्रमुख रहेको बताएका छन्।

**चैंपियंस ट्रफी**

आईसीसी पुरुष चैंपियंस ट्रफी किर्केटमा दुबईमा भारत अनि न्यूजीलैंड बीच फाइनल म्याच जारी छ। न्यूजीलैंडको टिमले टस जितेर पहिले ब्याटिंग गर्दै निर्धारित ५० ओवरमा ६ विकेट गुमाएर २५१ रन बनाए। जितको लागि २५२ रनको लक्ष्य लाई पछयाउदै ताजा समाचार अनुसार भारतले ६ ओभरमा ० विकेट गुमाएर ३६ रन बनाएको छ।

****** ० ******